अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०१/२२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

सि.नं	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	प्रतिवादीहरु सिद्धिनाथ लाल दास, मनोज कुमार चौधरी र तारणी प्रसाद खतिवडा मु.नं (०७८-CR-००७४) फैसला मिति २०८१/०१/२४	सरकारी कागज हेरफेर गरी रकम हिनामिना गरेको।	**आयोगको माग दावी** •प्रतिवादी तारणी प्रसाद खतिवडालाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ र १७ बमोजिमको कसुरमा बिगो रु.५,६०,०००।— कायम गरी सोही ऐनको दफा ११ तथा दफा १७ ले निर्देशन गरे बमोजिम ऐ.ऐनको दफा ३ को उपदफा (१) र दफा ३(१) को खण्ड (ङ) बमोजिम सजाय हुन र प्रतिवादीहरु सिद्धिनाथ लाल दास र मनोज कुमार चौधरीलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ तथा दफा १७ बमोजिमको कसुरको मतियारको भूमिका खेलेको देखिंदा सोही ऐनको दफा ११ तथा दफा २२ को प्रतिवन्धात्मक वाक्यांश अनुसारको कसुरमा ऐ.ऐनको दफा १७ ले निर्देशन गरे बमोजिम ऐ.ऐनको दफा ३ को उपदफा (१) र दफा ३(१) को खण्ड (ङ) बमोजिम सजाय गरी बिगो रु.५,६०,०००।— ऐ.ऐनको दफा १७ बमोजिम जफत तथा असुर उपरगरी चपडाहा निम्न माध्यमिक विद्यालय रामनगर भुटाहा,हरीनगरा गाउँपालिका-१ सुनसरीलाई दिलाई भराई दिने समेतको मागदावी लिइएको देखिन्छ। **अदालतको फैसला** •प्रतिवादीहरु सिद्धिनाथ लाल दास र मनोज कुमार चौधरीलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ बमोजिमको कसुर मात्र ठहर गरी जनही १ वर्ष कैद र जनही २५,०००।- जरिवाना कैद हुने र प्रतिवादी तारणी प्रसाद खतिवडालाई आरोप दावीबाट सफाई दिने ठहर भई विशेष अदालतबाट फैसला भएको देखिन्छ।	**फैसलाः** प्रतिवादीलाई आन्शिक सफाई दिने गरी भएको फैसला। **विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः** •विद्यालयको खातासँग सम्बन्धित कागजात किर्ते गरिएको भन्ने कुराको जानकारी यी प्रतिवादी तारणी प्रसाद खतिवडालाई भएको भन्ने कुनै प्रमाणबाट देखिंदैन। •प्रतिवादीहरु सिद्धिनाथ लाल दास र मनोज कुमार चौधरीलाई दफा १७ बमोजिमको आरोप दावी पुग्ने सक्दैन।	• श्री चपडाही आधारभूत विद्यालय हरिनगररा सुनसरीको प्रधानाध्यापक भगवान प्रसाद गुप्ता समेतले विद्यालयको विभिन्न शिर्षकको रकम हिनामिना गरेको भन्ने समेत बेहोराको उजुरीबाट अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा यि प्रतिवादी तारणी प्रसाद खतिवडा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड शाखा कार्यालय ईनरुवा सुनसरीमा सहायक प्रवन्धक पदमा कार्यरत रहेकोमा विवाद छैन। यि प्रतिवादीले खातावालाको नाम परिवर्तन गरी उक्त विद्यालयको खातामा रहेको सरकारी सम्पत्ति लिनेखाने उदेश्यले सह प्रतिवादीहरु सिद्धिनाथ लाल दास र मनोज कुमार चौधरीसँग मिलेमतो तथा पूर्व योजना बनाई जिल्ला शिक्षा कार्यालय,सुनसरी ईनरुवाको लेटर प्याड तथा छाप दस्तखत किर्ते गरी दस्तखत नमुना कार्ड नै बैंकबाट परिवर्तन गरी भगवान प्रसाद गुप्ता र कविता कुमारी बहरदारको नाममा संचालन भएकोमा सोको सट्टा विजेन्द्र मण्डल र मोहन प्रसाद साहको नाममा खाता खोली मोहन प्रसाद साहको नाममा चेक समेत जारी गरी उक्त खाता सञ्चालन गरी मोहन प्रसाद शाहको नामबाट मिति २०७४।०१।०७ गते रु.५,६०,०००।- रकम निकाली हिनामिना गरेको देखिन्छ।सुनसरी जिल्ला अदालत सुनसरीमा दायर भएको यि प्रतिवादी समेत भएको किर्ते तथा ठगी मुद्दामा प्रतिवादी मध्येका मनोज कुमार चौधरीले अनुसन्धानको क्रममा बयान गर्दा प्रतिवादी सिद्धिनाथ लाल दासले विद्यालयको खाता संचालक परिवर्तन गर्ने के प्रकिया छ भनी सोधे पछि मैले प्रकिया बताई दिएको हुँ सोही अनुसार कागजातहरु तयार गरी निजले विद्यालयको पैसा निकाली बाँडी खानुपर्छ भनेपछि उक्त कागजातहरु लगी सो कुराको जानकारी समेत प्रतिवादी तारणी प्रसाद खतिवडालाई गराई कागजातहरु दिएपछी निजले बैंकको प्रक्रिया बमोजिम खाता संचालक परिवर्तन गरी चेक समेत बनाई मैले उक्त चेक बुझि रजिस्टरमा हस्ताक्षर समेत गरि उक्त चेकलिई प्रतिवादी सिद्धिनाथ लाल दासलाई दिई निजले चेकमा हस्ताक्षर गरेपछि मैले रकम र नाम समेत लेखि निज तारणी प्रसाद खतिवडालाई दिए पछि निजले उक्त पैसा निकाली आफुले रु. ५०,०००।—रकम राखि अरु पैसा मलाई दिएको र सो पैसा सिद्धिनाथ लाल दासलाई दिए पछी निजले मलाई सोबाट रु.१,००,०००।—रकम दिई अन्य बाँकी पैसा प्रतिवादी सिद्धिनाथ लाल दासले राखेका हुन भनी खुलाई लेखाई दिएको देखिन्छ भने प्रस्तुत मुद्दामा समेत प्रतिवादी मनोज कुमार चौधरीले मौका तथा अदालतमा प्रतिवादी सिद्धिनाथ लाल दासले भने बमोजिम दस्तखत नमूना कार्ड तथा चेकहरु समेतका नक्कली कागजातहरु यी प्रतिवादी तारणी प्रसाद खतिवडा समक्ष पुर्याई दिएको हुँ भनी खुलाएको देखिन्छ भने यी प्रतिवादी तारणी प्रसाद खतिवडाले सोही कागजातहरु बैंकमा प्रवेश गराई किर्ते चेक समेत बनाइदिई मोहन प्रसाद साहको नाममा चेक काटी दिएको चेकलाई भुक्तानी प्रक्रियामा लगी भुक्तानी समेत दिने कार्यमा यि प्रतिवादी तारणी प्रसाद खतिवडाको प्रत्यक्ष र मुख्य भूमिका रहेको प्रस्तुत मुद्दामा सह प्रतिवादी मनोज कुमार चौधरीको बयानले समेत पुष्टि हुन्छ।उक्त विद्यालयको खातामा रहेको रकम अन्य प्रतिवादीहरुसँग मिली बाँडी खाने बदनियतपूर्ण मनसाय राखि आफ्नो नियन्त्रणमा रहेको खाताको रकम खाता संचालक विना नै असम्बन्धित मानिसले ल्याईदिएका कागजातहरुको आधारमा नमूना कार्ड नै परिवर्तन गरी चेक समेत जारी गरी सम्बन्धित खातावाला व्यक्ति समेत नवुझी भुक्तानी लिन आउने व्यक्तिको परिचयपत्र वा नागरिकता नहेरी अर्कै व्यक्तिबाट पेश गरेको चेकबाट बदनियतपूर्वक तरिकाले भुक्तानी गर्न यि प्रतिवादी तारणी प्रसाद खतिवडाले मुख्य भुमिका निर्वाह गरी सह-प्रतीवादीहरु सिद्धिनाथ लाल दास र मनोज कुमार चौधरीसँग मिलेमतो गरी दावी बमोजिमको बिगो रु.५,६०,०००।- भुक्तानी दिई खाई मासेको पुष्टि हुँदा हुँदै उल्लिखित सवुद प्रमाणहरुको

					मुल्याङ्कन नगरी यि प्रतिवादी तारणी प्रसाद खतिवडालाई सफाई दिने गरी भएको उक्त फैसला न्याय र कानूनको रोहमा त्रुटिपूर्ण रहि बदर भागी रहेको। •भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ मा कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको वा सो सम्बन्धी कर्तव्य पालना गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरवाही वा बदनियत गरी हिनामिना,हानीनोक्सानी वा दुरुपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई कसुरको मात्रा अनुसार दफा ३ बमोजिम सजाय हुने र त्यसरी हिनामिना हानीनोक्सानी वा दुरुपयोग गरेको मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असुल उपर गरिनेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ प्रस्तुत मुद्दामा यि प्रतिवादी तारणी प्रसाद खतिवडा समेत उपर सुनसरी जिल्ला अदालतमा दायर भएको किर्ते र ठगी मुद्दामा यि प्रतिवादीलाई ठगी मुद्दामा कसुर कायम गरी १ वर्ष कैद र ७०,०००।— जरिवानाको सजाय हुने ठहर गरी फैसला समेत भएको र उक्त शुरु अदालतबाट भएको फैसला सदर गर्ने गरी उच्च अदालत विराटनगर समेतबाट फैसला भएबाट सार्वजनिक पदधारण गरेको व्यक्तिले बदनियतपूर्ण तरिकाले पदको दुरुपयोग गरी कसूर गरेको अवस्थामा दोहोरो खतराको सिद्धान्त लागु नहुने भनि भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ५९(घ) मा रहेको कानूनी व्यवस्था रहेको र निज प्रतिवादी तारणी प्रसाद खतिवडाले अन्य प्रतिवादीहरु सिद्धिनाथ लाल दास र मनोज कुमार चौधरीसँग मिलेमतो गरी किर्ते दस्तावेज खडा गरी सो दस्तावेजहरु प्रयोग गरी विद्यालयको कोष दुरुपयोग गरी भष्ट्राचारजन्य कसुर गरेको थप पुष्टि भएको अवस्थामा यि प्रतिवादी तारणी प्रसाद खतिवडालाई आरोप दावी बमोजिमको कसूरमा सजाय गर्नु पर्नेमा सफाई दिने गरी भएको उक्त फैसला कानून र न्यायको रोहमा त्रुटिपूर्ण रही बदर भागी रहेको। •प्रतिवादीहरु सिद्धिनाथ लाल दास र मनोज कुमार चौधरीलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ को कसुर ठहर भई सजाय भएको हकमा कुनै जिकिर लिइएको छैन। यी प्रतिवादीहरुलाई दफा १७ बमोजिमको आरोप दावी नपुग्ने भनी फैसला भएको हकमा विवेचना गर्दा,प्रतिवादीहरु सिद्धिनाथ लाल दास र मनोज कुमार चौधरी समेतले सार्वजनिक संस्था चपडाही निम्न माध्यमिक विद्यालय भुटाहा, हरीनगरा गाउँपालिका -१, सुनसरीको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड शाखा कार्यालय ईनरुवा सुनसरीको नाममा रहेको खाताको रकम लिने खाने उदेश्यले राष्ट्रिय वाणिज्य बैंकका कर्मचारी तारणी प्रसाद खतिवडासँगको मिलेमतोमा साविकको खाता सञ्चालकहरु प्रधानाध्यापक भगवान प्रसाद गुप्ता र शिक्षिका कविता कुमारी बहरदारको सट्टामा प्रधानाध्यापक विजेन्द्र मण्डल र शिक्षक मोहन प्रसाद शाहको नाममा खाता सञ्चालन हुने गरी जिल्ला शिक्षा कार्यालय, सुनसरी ईनरुवाको लेटर प्याड, छाप तथा दस्तखत किर्ते गरी उक्त बैंकको दस्तखत नमुना कार्ड नै परिवर्तन गरी गराई शिक्षक मोहन प्रसाद शाहको नामबाट मिति २०७४।०१।०७ गते सोही खाता नम्वर १०९२ र चेक नम्वर ००२१३७१५१३०७०१७४ बाट रु. ५,६०,०००।–(पाँचलाख साठी हजार रुपैयाँ) रकम निकाली हिनामिना गरेको विषयमा सुनसरी जिल्ला अदालत तथा उच्च अदालत विराटनगरबाट यी प्रतिवादीहरु उपर किर्ते गलत कागज तयार गरेको पुष्टि भई किर्ते तथा ठगीको कसूर ठहर गरी फैसला भएको देखिन्छ भने सोही मुद्दामा अनुसन्धानको क्रममा बयान गर्दा मनोज कुमार चौधरीले प्रतिवादी सिद्धिनाथ लाल दासले विद्यालयको खाता संचालक परिवर्तन गर्ने के प्रकिया छ भनी सोधे पछि मैले प्रकिया बताई दिएको हुँ सोही अनुसार कागजातहरु तयार गरी निजले विद्यालयको पैसा निकाली बाँडी खानुपर्छ भनेपछि उक्त कागजातहरु लगी सो कुराको जानकारी समेत प्रतिवादी तारणी प्रसाद खतिवडालाई गराई कागजातहरु दिएपछी निजले बैंकको प्रक्रिया बमोजिम खाता संचालक परिवर्तन गरी चेक समेत बनाई मैले उक्त चेक बुझि रजिस्टरका हस्ताक्षर समेत गरि उक्त चेकलिई प्रतिवादी सिद्धिनाथ लाल दासलाई दिई निजले चेकमा हस्ताक्षर गरेपछि मैले रकम र नाम समेत लेखि निज तारणी प्रसाद खतिवडालाई दिए

					पछि निजले उक्त पैसा निकाली आफुले रु. ५०,०००।—रकम राखि अरु पैसा मलाई दिएको र सो पैसा सिद्धिनाथ लाल दासलाई दिए पछी निजले मलाई सो रकम बाट रु.१,००,०००।— दिई अन्य बाँकी पैसा प्रतिवादी सिद्धिनाथ लाल दासले राखेका हुन भनी खुलाई लेखाई दिएको देखिन्छ भने निज प्रतिवादीले प्रस्तुत मुद्दामा पनि मौका तथा अदालतमा प्रतिवादी सिद्धिनाथ लाल दासबाट किर्ने कागजातहरु लगी प्रतिवादी तारणी प्रसाद खतिवडालाई दिए पछि रकम झिकेर लिएको हो भनी रकम झिकेको स्वीकार गरी बयान गरेको देखिएबाट समेत प्रतिवादीहरु सिद्धिनाथ लाल दास र मनोज कुमार चौधरीले मुख्य कसूरदार प्रतिवादी तारणी प्रसाद खतिवडासँग मिलेमतो गरी विद्यालयको खातामा रहेको रकम निकालि खाई मासी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसुरको मतियारको भुमिका खेली सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएको बमोजिम “कसूर गर्ने राष्टसेवक वा अन्य कुनै व्यक्तिलाई त्यस्तो कसुर गरे वापत नगदी,जिन्सी वा अन्य कुनै सुविधा वा लाभ उपलब्ध गराई दिने वा आफूले लिने मतियारलाई कसुर गर्ने व्यक्ति सरह नै सजाय हुनेछ” भन्ने कानूनी व्यवस्था बमोजिम यी प्रतिवादीहरु सिद्धिनाथ लाल दास र मनोज कुमार चौधरीले किर्ते कागजातहरु तयार गरी मुख्य कसूर दारको रुपमा रहेका बैंकका सहायक प्रवन्धक तारणी प्रसाद खतिवडालाई दिई निजबाट बदनियतपूर्क बैंकका सम्पूर्ण प्रक्रियाहरु पुर्याई भुक्तानी समेत लिई उक्त सार्वजनिक संस्थाको नाममा रहेको रकम बाँडी खाई मासी हिनामिना गरी भष्टाचार जन्य कसूर गरेको उल्लिखित सवुद प्रमाणहरुबाट पुष्टि हुँदा हुँदै उक्त प्रमाणहरुको मुल्याङ्कन नै नगरी प्रतिवादीहरु सिद्धिनाथ लाल दास र मनोज कुमार चौधरीलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ बमोजिमको कसुर मात्र ठहर गरी दफा १७ को मतियारको कसुरको हकमा दावी नपुग्ने ठहर गरी भएको उक्त फैसला त्रुटि पूर्ण रही बदर भागी रहेको।